तमु प्ये ल्हु संघ युके

# क्होला सोँप्रे ट्हो भ्रमण

२०८३ बैशाख ६ गतेदेखि ११ गतेसम्म (19 April 2026)

## संक्षिप्त बिवरणः

भ्रमणः क्होला सोँप्रे ट्हो

समय/अवधिः बैशाख ६ गतेदेखि ११ गतेसम्म (६ दिन)

मार्गः फ.लि.ना. क्होँईवो, पोखरा- भुजुङ- ङ्हसिखोँ- क्होला- सिक्लेस- फ.लि.ना. क्होँईवो पोखरा

आयोजकः तमु प्ये ल्हु संघ युके

समन्वयः तमु प्ये ल्हु संघ केन्द्रीय समिति

सहयोगीहरुः तमु प्ये ल्हु संघ, केन्द्रीय महिला समिति, केन्द्रीय युवा समिति, केन्द्रीय पच्यु समिति, केन्द्रीय क्ल्हेप्री समिति, केन्द्रीय वोन लम समिति, केन्द्रीय पैँडी समिति, कास्की जिल्ला समिति, कास्की जिल्ला महिला समिति, लमजुङ जिल्ला समिति, भजुङ गाउँ इकाई समिति, सिक्लेस गाउँ इकाई समिति, युके खेगी समिति, युके युवा समिति

सहकार्यः तमु प्ये ल्हु संघ युके आमा समूह, युके खेगी समिति

टोली प्रमुखः क्या. डेम बहादुर योज तमु

सहभागीहरुः तमु प्ये ल्हु संघ युकेको पदाधिकारीहरु, सल्लाहकारहरु, खेगीगुरुहरु र महिला समिति सहभागिता रहने यस भ्रमणमा नेपालदेखि पनि ईच्छुक सहभागीहरु, खेगीगुरुहरु, गाईड, हेल्थ एसिस्टेण्ट, प्रथमिक उपचारक र सहयोगीहरु गरी करिव ५०-५५ जनाको सहभागीता रहनेछ ।

व्यवस्थापनः यो क्होला सोँप्रे ट्हो भ्रमणलाई सफलता पूर्वक उद्धेश्य हासिल गराउने अभिप्रायले राम्रो व्यवस्थापन गराउने प्रयास गरिएको छ । भ्रमणलाई प्रभावकारी बनाउनको लागि विशेष ध्यान दिएर योजना बनाइएकोछ । भ्रमण टोलीको खानापिना र ओतको लागि राम्रो प्रबन्ध मिलाउनको लागि तमु प्ये ल्हु संघ केन्द्रीय समिति, कास्की जिल्ला समिति, लमजुङ जिल्ला समिति, भुजुङ र सिकलेसवासीको सहयोग लिएका छौँ ।

हेल्थ एसिस्टेण्ट, प्रथामिक उपचार, आपतकालिन हेलिकप्टर र खेगीगुरुहरु समेतको प्रबन्ध मिलाएर भ्रमण टोलीलाई सुरक्षित महशुष गराउने तथा आपतकालिन परिस्थितिमा सेवा सुविधा तुरुन्त पाउन सकिने व्यवस्था मिलाएका छौँ ।

**क्होला सोँप्रि ट्होः** क्होला सोँप्रि ट्होको बारेमा शायद तमु (गुरुङ) धर्मगुरुहरुले वाचन गर्ने बोँन धार्मिक शास्त्रमा बाहेक अन्य कतै कुनै इतिहासमा स्पष्ट रुपमा उल्लेख गरेको थिएन/छैन र यो तमु (गुरुङ) जातिको ऐतिहासिक गर्भमा मात्र सिमित थियो । जब पच्यु पैंडी चिवा यारजङ क्रोम्छे तमुको संलग्नतामा क्याम्ब्रिज युनिभर्सिटी र नेपाल पुरातात्विक विभागले इ.सं. २००० सालतिर पहिलो पटक उत्खनन् शुरु गरे, त्यसपछि यो प्राचीन तमु राज्य (क्होला सोँप्रि ट्हो) तमु (गुरुङ) समुदाय लगायत राष्ट्रीय तथा अन्तराष्ट्रीय रुपमा चासोको बिषय बनेको हो भन्दा अत्युक्ति हुने छैन ।

उक्त अध्ययन तथा अनुसन्धानले गरेको सिमित ल्याव टेस्ट अर्थात त्यसबेलाको उत्खननमा त्यहाँ भेटिएको सानो अंगार (कोईला) को ल्याव टेस्टले करिव (इ.सं. २००० सालमा) १३०० बर्ष पुरानो हो भन्ने नतिजा निकालेको कुरा Grounding knowledge/walking land: Archaeological research and ethno-historical identity in central Nepal (Evan et. al. 2009) मा उल्लेख गरेकोछ । यद्यपी उक्त नतिजाप्रति पूर्ण रुपमा सन्तुष्ट नभएको अभिव्यक्ति सहित यसको थप गहिरो अध्ययन अनुसन्धान आवश्यक छ भनेर पच्यु पैंडी चिवा यारजङ क्रोम्छे तमुले भन्दै आउनु भएको छ ।

देशको द्वन्दकालिन परिस्थितिले पुरा हुन नदिएको क्होला सोँप्रि ट्होको उत्खनन् कार्यलाई क्होला तमु समाज (शायद गल्ति छैन होला) को पहल तथा नेपाल पुरातात्विक विभागको सहकार्यमा पुनः दोश्रो चरणको उत्खनन् कार्यको लागि गत २०८१ बैशाख १४ गते एउटा टोली क्होला सोँप्रि ट्हो गएर बैशाख २९ गते फर्किएको खबर थियो तर त्यस यताको खबर भने अनविज्ञ छ ।

तमु प्ये ल्हु संघ केन्द्रको पहलमा यस तमु (गुरुङ) ऐतिहासिक सम्पदा क्षेत्र क्होला सोँप्रि ट्होलाई विश्व सम्पदा सूचिमा सूचिकृत गर्न राज्य समक्ष निवेदन चढाएको थियो । अपसोच, अहिले पछिल्लो समयमा त्यहाँ निर्मित नयाँ संरचनाहरु लगायतका आधार र प्रमाण पर्याप्त हुन नसक्ने कारणहरुले गर्दा हुन सक्छ, तत्काल विश्व सम्पदा सूचिमा सूचिकृत गर्न राज्य पक्ष तयार नभएको कुरा गाँईगुँई सुनिएकोछ । यद्यपी तमु प्ये ल्हु संघ केन्द्रको प्रयास र पहल रोकिएको छैन भन्नेमा विश्वस्त छौं ।

प्ये (शास्त्र) को आधारमा र अलिखित इतिहासको मान्यतामा बुझ्ने हो भने क्होला सोँप्रि ट्हो तमु (गुरुङ) जातिको राज्य क्षेत्र मान्न सकिन्छ । नेपालमा हिन्दु शाह राज्य स्थापना हुनु अगावैको भुरेटाकुरे राज्य-रजौटाहरु भएको तत्कालिन समयमा यो क्षेत्र तमु जातिको स्वशासित क्षेत्र थियो । जहाँ तमु (गुरुङ) जातिको अस्तित्व र पहिचान अझै जीवित छ । तमु जातिको अन्तिम राज्य स्थलको रुपमा पनि चिनिने यस क्होला सोँप्रि ट्होबाट बसाँई सराई गरी गएका तमु (गुरुङ) हरु अहिले नेपाल अधिराज्य लगायत विभिन्न देशभर फैलिएर बसेका छन् ।

हाल तमु (गुरुङ) जातिहरु देशको जुनसुकै स्थान वा परदेशमा पुगेको भए पनि मृत्युपरान्त यही क्होला सोँप्रि ट्हो क्षेत्र र यस वरिपरिका प्राचीन स्थानहरु हुदै स्वर्गलोकको यात्रा तय गराईन्छ भन्ने धार्मिक विश्वास र शास्त्रीय मान्यता छ । प्रकृति र पितृलाई पुज्ने तमु (गुरुङ) जातिको पितृ आत्माहरु अझै पनि क्होला सोँप्रि ट्हो लगायतका यी प्राचीन स्थानहरुमा जीवित छ, यो विश्वास मात्र नभई सत्य हो । शास्त्रमा बर्णन गरिए अनुसार तमु (गुरुङ) जातिभित्र निहित विभिन्न थरहरुको

न्हेज (कुल घर अर्थात उदगम थलो) जहाँबाट अस्तित्वमा आएका हुन्, यी ऐतिहासिक क्षेत्रहरुमा पर्दछन् । जुन केर्लो-मर्लो, टूहोताँ र हयुल चुब प्ये (शास्त्र) मा उल्लेख गरिएको छ भनेर धर्मगुरुहरुले आधारहरु पेश गर्दै आएका छन् ।

<u>भ्रमणको उद्धेश्यः</u> शास्त्रमा बर्णन गरिए अनुसार क्होला सोँप्रि टूहो तमु (गुरुङ) जातिको पहिचान र अस्तित्वसँग जोडिएको ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पैतृकथलो हो । प्रकृति र पितृको अदभूत शक्ति संचित यस क्षेत्रको दर्शनले मनोशान्ति मिल्ने विश्वास बढ्दै आएको छ । तसर्थ तमु प्ये ल्हु संघ युकेले यो क्होला सोँप्रि टूहो भ्रमणको योजना बनाएको हो । विशेषगरि क्होला सोँप्रि टूहो लगायत त्यस वरपर पर्ने उस्तै महिमा राख्ने विभिन्न स्थलहरुको स्थलगत अवलोकन गर्ने, त्यस स्थलहरुको बारेमा जानकारी लिने, जानकारी मुलक क्होला सोँप्रि टूहो दर्पण प्रकाशन गर्ने, क्होला सोँप्रि टूहोमा कहिलेदेखि र कसरी पुर्खाहरुले बस्ती बसालेका थिए भन्ने शास्त्रीय दर्शन वमोजिम डकुमेन्ट्री निर्माण गर्ने, क्होला सोँप्रि टूहो लगायतका प्राचीन पैतृक थलोहरुको प्रवर्धन गर्ने, पैतृक स्थलको भ्रमण तथा दर्शन गर्न प्रेरित गर्ने, शास्त्र (प्ये) मा उल्लेखित स्थानहरुको खोज-अध्ययन गरी प्रकाशमा ल्याई उचित संरक्षण र प्रवर्धन गर्ने आदी कार्यहरुमा सहयोग पुर्याउने उद्धेश्य लिएको छ ।

यसैगरि भ्रमणको दौरानमा मान्छे हराउने गाउँ भनेर चिनिने भुजुङ गाउँको अवलोकन गर्ने, वेशीशहर, घलेगाउँ र भुजुङमा निर्मित क्होँईवोँको अवलोकन तथा दर्शन गर्ने लगायत भ्रमण मार्गमा पर्ने होजोँ, ङ्हसिखोँ, ऋचे, सच, म्रुथिँ, नायु, लैफ्रोँ र जोँसोगरा लगायतका विभिन्न स्थलहरुको अवलोकन गर्ने, धार्मिक, संस्कार एवं साँस्कृतिक मान्यता र महिमाहरु लगायत आदिम किंवदन्तिहरु तथा कथनहरुले यी ठाउँहरुलाई के कसरी प्रतिविम्वित गरेको छ भन्ने बारेमा पनि थप खोजी र संरक्षण गर्ने यस भ्रमणको प्रयास रहनेछ । त्यसैगरि यस भ्रमणले क्होला सोँप्रि टूहोबाट फर्किने क्रममा सिकलेस गाउँको अवलोकन गर्ने, सिकलेस गाउँमा निर्मित क्होँईवोँहरुको दर्शन तथा अवलोकन गर्ने, त्यहाँको सँस्कार सँस्कृतिको बारेमा बुझ्ने जमर्को गर्नेछ । साथै राज्य र सम्बन्धित निकायलाई यस भ्रमणको प्रतिवेदन पेश गरी संरक्षणार्थ कार्यन्वयनको लागि दवावकारी पहल गर्नेछ ।

क्होलामा पुगेर त्यहाँ रहेको सिमेभुमे, सिल्दोनाल्दो, पितृ-पुर्खाहरु लगायत अदृश्य प्राकृतिक शक्तिहरुको थानीमानी र सम्मानको लागि छ्योप पूजा र थासो पूजा गरी आशिर्वाद लिने योजना पनि छ ।

<u>भ्रमणको रुपरेखाः</u>

- पहिलो दिन- फ.लि.ना. क्होँईवोँ पोखारादेखि भुजुङ

  भ्रमणको पहिलो दिन फ.लि.ना. क्होँईवोँ पोखरामा बिहानै भेला भएर बिहानको ८:०० बजेतिर भुजुङसम्मको यात्रा गर्नेछौं । यस क्रममा बेशीशहर, घलेगाउँ र भुजुङमा निर्मित क्होँईवोको दर्शन तथा अवलोकन गर्नेछौ र त्यसपछि भुजुङ गाउँको संस्कार सँस्कृति बुझ्को लागी गाउँ अवलोकन तथा भलाकुसरी कार्यक्रम गर्नेछौं । यस क्रममा युम्पो क्होँईवोलाई आर्थिक सहयोग समेत हस्तान्तरण गर्नेछौं ।

- दोश्रो दिन- भुजुङदेखि ङ्हसिखोँ

भोली पल्ट बिहानको चिया-खाजा खाएर भुजुङ गाउँसँग बिदा लिएर ङ्हसिखोँ तर्फ अगाडी बढ्नेछौं। यस क्रममा होजोँमा पुगेर बिहानको खाना खानेछौं। करिव १-२ घण्टाको आराम पश्चात ङ्हसिखोँमा बास बस्नेगरि हिड्नेछौं।

- तेश्रो दिन- ङ्हसिखोँदेखि क्होला सोँप्रि ट्हो

  बिहानै ङ्हसिखोँमा चिया-नास्ता खाएपछि क्होलाको गन्तव्य लिएर अगाडी बढ्नेछौं। त्यसक्रममा ऋचेमा गएर बिहानको खाना खाने योजना छ। तत्पश्चात क्होला पुग्नेगरि पाईला बढाउनेछौं।

- चौथो दिन- क्होला सोँप्रि ट्होको स्थलगत अवलोकन/अध्ययन

  बिहानै छ्योप पूजा र थासोँ पूजा शुरु गर्नेछौं। पूजा सकिएपछि खाना खाएर स्थलगत अवलोकन गर्नुका साथै क्होला सोँप्रि ट्हो राज्य स्थापनाको कथावस्तुमा डकुमेन्ट्री छायाँङ्कन गर्ने र खेगीगुरुहरुबाट क्होलासम्बन्धि जानकारी संकलन गरिने छ।

- पाँचौं दिन- क्होला सोँप्रि ट्होदेखि सिकलेस

  बिहानै खाना खाएर सिकलेसको लागि हिड्छौं भने सबिच्होमा आएर खाना खानेछौं। त्यसपछि सिकलेस पुगेर गाउँवासीसँग साँझको रमाईलोमा झुम्नेछौं।

- छैटौं दिन- सिकलेसदेखि फ.लि.ना. क्होँईवोँ

  बिहानै उठेर चिया-खाजा खाएर गाउँ, संग्राहलय तथा क्होँईवोँ अवलोकनको लागि निस्कनेछौं। यही क्रममा नम्जु चिउली युँला क्होँईवोलाई आर्थिक सहयोग हस्तान्तरण तथा अन्तरक्रिया गर्ने छौं। त्यसपछि दिउँसोको तीन बजेतिर फ.लि.ना. क्होँईवोँ पोखरा आईपुग्ने गरी यात्रा गर्नेछौं।

फ.लि.ना. क्होँईवोँ पोखरामा आईपुगेपछि भ्रमण एक विशेष समारोहमा परिणत हुनेछ। जसलाई केन्द्रीय युवा समितिले मनोरम एवं उल्लासमय बनाउने छ भने स्याङ्जा, कास्की, गोरखा, तनहुँ, चितवन र नवलपुरका विभिन्न १० वटा निर्माणधिन क्होँईवोँहरुलाई आर्थिक सहयोग हस्तान्तरण समेत गरिनेछ। स्मरण रहोस् यो आर्थिक सहयोग केन्द्रीय समितिको सिफरिसमा अपील भए वमोजिम तमु प्ये ल्हु संघ युकेले उपलब्ध गराएको हो।

त्यसैगरि भ्रमण टोलीलाई सहयोग गर्ने सबै सहयोगीहरुलाई सम्मान गरिनेछ। र साँझको डिनर पश्चात थप रमाईलो गरी छ दिने कठोर यात्राको थकान मेट्दै भ्रमणको समापन गर्नेछौं।